ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-३४, २०७५ पुस १४ गते, शनिबार Dec.29, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६



पृष्ठ ४ मा

दाइजो विरुद्ध १० दिने अभियान

# वडा अध्यक्षको बारीमा गाँजा खेती



फत्तेपुर / सप्तरीको सप्तकोसी नगर पालिकामास्थानीय जनप्रतिनिधिलेनै करेसाबार मिा गाँजा खेती गरेको पाइएको छ। केही दिन अघि प्रहरीले विभिन्न वडामा रहेको अबैध गाँजा नष्ट गर्ने क्रममा वडा नं. ८ का वडा अध्यक्ष केदार साहको घरमा गाँजा खेति भेटिएको हो।

सप्तकोसी नगर पालिका को वडा न ५,६,७,८,९,१० र ११ मा लगाइएको गाँजा नेपाल प्रहर ी, सशस्त्र प्रहरी र नगर प्रहर ीले संयुक्त रुप खटि नष्ट गर ेको छ।

लागु औषधको रुपमा प्रयोग गरिने गाँजा सप्तकोसी नगरपालिकाको विभिन्न वडामा व्यवसायिक खेतिको रुप लगाइन्दै आएको भन्ने सुराकीको आधार प्रहरीले नगर पालिकाको सबै वडामा गाँजा नष्ट गर्ने अभियान नै चलाएको फत्तेपुर प्रहरी चौकी प्रमुख उमाशंकर सिंह ले जानकारी दिए।

बाँकी अन्तिम पृष्ठमा

# अव प्रदेश नं. २ मा कसैले जग्गा बाँझो राख्न नपाइने

फत्तेपुर / सप्तरीको राजविराजमा प्रदेशस्तरीय माटो तथा मल परीक्षण प्रयोगशालाको शुक्रवार उद्घाटन गरिएको छ।

प्रदेश २ का आठ वटै जिल्लामा व्यावसायीक र उन्नत जातका कृषि उपजहरु वृद्धिका लागि सञ्चालनमा ल्याइएको प्रयोगशाला तथा घुम्ती सेवा बसको उद्घाटन भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले गरेका छन्।

कार्यालय उद्घाटन गर्दै मन्त्री साहले अब कसैले पनि जग्गा बाँझो राख्न नपाउने गरी प्रदेश



सरकारले ऐन ल्याउन लागेको भन्दै खेती गर्ने कृषकलाई सवै प्रकारका सुविधा दिने प्रतिवद्धता व्यक्त गरे। उनले कृषिको उत्थान नगरी देशको आर्थिक विकास सम्भव नरहेको भन्दै किसानमुखी कार्यक्रम ल्याएर उत्पादन

बाँकी ४ पृष्ठमा

# रक्तमालाको साधारण सभा सम्पन्न



फत्तेपुर / सप्तरीको सप्तकोसी नगरपालिका वडा नम्बर एक फत्तेपुर मा रहेको रक्तमाला नमुना सामुदायिक वन उपभोक्ता समुहको १९ औं रित्तमालाको साधरण सभा सम्पन्न वार्षिक साधरण सभा गत विहिवार सम्पन्न भएको छ। समुहका अध्यक्ष गुणराज कोइरालाको अध्यक्षता र सप्तकोसी नगरपालिकाका प्रमुख उत्तमकुमार गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न साधरणसभाले गत आ.व.को ११ लाख ७७ हजार ३४ रुपैयाँ बराबरको आय ब्याय

बाँकी अन्तिम पृष्ठमा

## लेखापरीक्षकहरुको लागि सुचना !

उपरोक्त सम्वन्धमा यो सुचित गरिन्छ कि जिल्ला सप्तरी सप्तकोसी नगर पालिका वडा न १ फत्तेपुरमा रहेको त्रियुगा सहकारी सस्था लि.को आ.व.२०७५र०७६ को बार्षिक लेखापरीक्षण गर्नको लागि (ख) बर्गका इच्छुक रजिस्टर्ड लेखा परीक्षकहरुको लागि यो सुचना प्रकाशित गरिएको छ। इच्छुक लेखापरीक्षकहरुले तपशिल अनुसारको सर्त सुविधा पालना हुने वा पाउने गरि दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

सर्त तथा सुबिधाहरु

(१) पेस गर्नु पर्ने कगजातहरु

(क) पेशागत प्रमाणपत्र को प्रतिलिपी थान १

(ख) लेखा ब्यावसायी सस्था (फर्म) नवीकरण निस्सा थान १

(ग) स्थायी लेखा न.(उबल) दर्ता प्रमाणपत्र थान १

(घ) कर चुक्ता प्रमाणपत्र थान १

(२) सेबा सुबिधाहरुः

(क) साधारणसभा को निर्णय वा दुई तर्फी सम्झौता अनुसार पारिश्रमिक निर्धारण गरिने छ।

(३)२०७५/९/२८गते हुने साधारणसभामा पेश गर्नु पर्ने भएकोले दर्खास्त लिने अन्तिम मिति २०७५/९/२० गते सम्म छ।

सम्पर्क

त्रियुगा सहकारी सस्था लि.

सप्तकोसी नगरपालिका ,फत्तेपुर ०३१-५५०१४४ Email-triyugacos1@gmail.com

## वडा. . .

नगरपालिकाको विभिन्न वडामा गरि करिब ७ सय बोट गाँजा काटिएको सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प फत्तेपुरका सइ धनकुमार घिमिरेले जानकारी दिए । विभिन्न वडामा काटीएको गाँजा स्थानीयको रोवरमा जलाएर नष्ट गरिएको छ ।

सामाजिक विकृती र युवाहरुलाई कुलत फसाउने लागु औषधको रुपमा रहेको गाँजाले गर्दा बिकृती फैलाउनुका साथै शान्ति सुर क्षामा समेत खलल पुऱ्याउने भएकाले गाजा नस्ट गरिएको प्रहरी चौकी फत्तेपुर का प्रमुख सिंह ले बताए । 'सप्तकोसी नगरपालिका स्थानीय जनप्रतिनिधिहरुको घर मा समेत गाँजा खेती भेटिएकोले जनप्रतिनिधिहरुले नै अबैध मानिएको गाँजा खेती र गाँजा खाने गरे पछि जनप्रतिनिधिहरुबाट जनताले के अपेक्षा गर्ने ।'-सई सिंहले भने ।

## रक्तमालाको. . .

प्रस्तुत गर्दै सम्पन्न गरेको छ । वन संरक्षण तथा वन विकास विभिन्न योजना साधरण सभाबाट अनुमोदन गराएको छ । सामुदायिक वन मा ८ सय घरदुरी उपभोक्ता र हेका छ्न ।


# अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैव हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

## हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।

प्रो.पपुलर चौधरी

## सप्तकोशी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७




# एउटै उद्देश्य - एउटै नारा भ्रष्टचारीबाट छुट्कारा हाम्रो सबैको अभिभारा ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## सूचना तथा प्रसारण विभाग


# तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

## हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




## फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७


## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई बुझाउनु पर्ने सवै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान* कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स्
JANATA TIMES WEEKLY
साप्ताहिक

## सम्पादकीय....................

### बसह: भिन्न दिवस

यो वर्ष डिसेम्वर ३ मा अपाङ्ग दिवस भनेर थुप्रै कार्यक्रम आयोजना गरि मनाइयो । सर्वप्रथम सन् १९९२ मा डिसेम्बर ३ मनाउन शुरु गरेको अपाङ्ग दिवस यो वर्ष पनि निरन्तरता दिइयो संयुक्त राष्ट्र संघको नारा 'अपाङ्गगता भएका व्यक्तिहरुको सशक्तिकरण समावेशिता र समानताको सुनिश्चितता भनेर दिवस मनाईरदा यसको नाममा भिन्न दिवस बनाउने पर्ने अवाज उठ्न थालेको छ ।

नेपाल एउटा गणतान्त्रिक संघीय मुलुकमा परिणत भइसकेको कारण हरेक निकायमा अपाङ्गको उपस्थिति हुनु अति आवश्यक छ । हुनत सरकारले अपाङ्गको लागि बजेट छुट्टाएको होइन तर पनि यसको सहिरुपले कार्यान्वयन हुन सकेको छैन । नेपाल अपाङ्गमैत्री मुलक भनेर यो वर्ष 'मलाई गणना गर ,समावेश गर 'नाराको साथ देशमा अपाङ्ग दिवस मनाइयो । अव यसलाई 'भिन्न दिवसकोनाम दिएर मनाउनु वाञ्छानिय हुने छ ।

'अपाङ्ग दिवस' को सट्टामा 'भिन्न दिवस' भनेर मनाइयो भने उनिहरुको यर्थाथमा सम्मान हुने थियो । उनिहरु अपाङ्ग होइनन् केहि फरक छैन विषश छन् । उनिहरुलाई दया होइन सहयोगी हातको खाँचो छ । जो उनिहरु कोहिबाट पाइरहेका छैनन् । उनिहरु प्रतिको विश्वासको खाँचो छ । उनिहरुलाई सम्मानको खाँचो छ । जो उनिहरु कहिबाट पाईरहेका छैनन् । न त राज्यबाट पाइरहेका रहेको छन् नत जनता बाट नै । अव उनीहरूलाई सम्मान गर्नु पर्दछ ।

कसैलाई भौतिक त कसैलाई मानसिक । कसैलाई सामाजिक त कसैलाई राजनीतिक एकअर्काको सहयोग बिना सबै अपुर्ण छन् । त्यसैले संसारका सबै प्राणी अपाङ्ग छन् । कोई सपाङ्ग छैनन् नत्र किन एकलाई अर्काको सहयोग चाहिन्थ्यो र ? त्यसैले कसैले कसैलाई अपाङ्ग भन्नु उसको नीच विचार देखिन्छ । अव उनीहरूमा गर्ने भेदभावमा बदल्नु पर्दछ ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# आन्तरिक विवादले कमजोर बन्दै मधेशी दल

❑ रोशन जनकपुरी

**संविधान संशोधन हुनुपर्ने मुख्य मागसँगै रेशम चौधरीको रिहाई तथा सपथग्रहण, झुठा मुद्धा लागेका राजबन्दीहरुको रिहाई तथा मुद्धा फिर्ता, मधेश आन्दोलनका घाईतेहरुको उपचार खर्च र मृतकको परिवारलाई क्षतिपूर्ति, शहीद घोषणा हुन बाँकीहरुलाई शहिद घोषणा गर्नुपर्ने जस्ता मागहरु सम्बोधन हुनुपर्ने भन्दै सरकार बाहिर रहेको राजपा नेपालका अध्यक्षमण्डलका केही सदस्यहरु यस्ता मुद्दाहरुलाई बेवास्ता गर्दै सत्तामा जान हतारिनु गलत भएको पार्टी भित्रकै दोस्रो तहका नेताहरुको आरोप छ ।**

क्षेत्रीय दलको आरोप खेपी रहेको राष्ट्रिय जनता पार्टी नेपाल पटक(पटक आफ्नै आन्तरिक कारणले विवादमा तानिदै आएको छ। सोच, शैली, परिणाम र प्रभावबीच तालमेल नमिल्दा प्रयोजनविहीन बन्दै गएको नेतृत्वभित्र थप विवाद चुलिएको छ। मधेशी कर्मचारी मञ्चका पूर्व अध्यक्ष विनोद सिंहलाई प्रदेश २ को प्रदेशसभा सदस्यमा समानुपातिक सिटमा मनोनित नगरेको भन्दै पार्टी कार्यालय तोडफोड हुँदाको बखत होस् वा ६ वटा पार्टी मिलेर राजपा बनिसक्दा पनि तत्कालीन तमलोपाको पार्टी कार्यालय अस्तित्वमा रहनु, पार्टी कार्यालयका कर्मचारीले आर्थिक अनियमितताको चर्चा चल्नु, पार्टी भित्रका आन्तरिक विषयलाई लिएर गुटबन्दी गरेको आरोपमा सबै कर्मचारीलाई निलम्बन गरिएको विषय होस्, यस्ता विषयहरू राजपालाई कमजोर बनाउँदै पार्टीभित्र रहेको विवादलाई सतहमा ल्याउन प्रमुख कारक बनेको छ।

२०७४ बैशाखमा तत्कालीन ६ मधेशकेन्द्रित दलहरूबीच एकीकरण भई गठन भएको राजपा नेपाल संघीय संसदभित्र मधेश मुद्दाको प्रतिनिधित्वको दाबी गर्ने सबैभन्दा ठूलो दल हो। उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम संविधान संशोधनको एजेन्डा लिएर सरकारमा सहभागी भईसकेको अवस्थामा सत्ता बाहिर बसेर मधेशको मुद्दा सम्बोधन गराउन दबाब दिने पार्टीको हैसियतमा राजपा नेपाल मात्र रहेको छ। सरकारलाई समर्थन दिएर सरकारमा सहभागी नभई बसेको राजपा नेपाल फेरि अर्को विवादमा अल्झिएको छ। मंसिर ४ मा बसेको अध्यक्षमण्डलको बैठकले पार्टी विधान विपरित बहुमतबाट संयोजक परिवर्तन गर्ने निर्णयसँगै पार्टीभित्र विभिन्न विषयहरू अगाडि आएका छन्। राजपाको विधानको धारा १६ को २ मा पार्टीले गर्ने हरेक निर्णय अध्यक्षमण्डलको सर्वसम्मतबाट हुनुपर्ने व्यवथा गरिएको छ। तर मंसिर ४ मा संयोजक परिर्वतन गर्ने निर्णय बहमुतबाट गरिएको थियो। विगत डेढ वर्षभन्दा बढी समयदेखि संयोजक रहँदै आएका महन्थ ठाकुरलाई हटाएर महाधिवेशको तयारीमा लाग्नुपर्ने समयमा संयोजक परिवर्तन गरिएको भनेर ठाकुर पक्षीय नेताहरू आक्रोशित भएका छन् भने अर्कोतिर विधानमा भएको व्यवस्थाअनुसार नै चक्रीय प्रणाली मार्फत संयोजक परिवर्तन भएको राजेन्द्र महतो पक्षका कार्यकर्ताहरूको तर्क छ।

राजपा पार्टी निर्माणमा ठूलो योगदान दिएका र पछि स्वतन्त्र राजनीतिक समूह निर्माण गरी बाम गठबन्धनसँग सहकार्य गरेर चुनाव लडेका स्वतन्त्र राजनीतिक समूहका संयोजक हृदेश त्रिपाठी सरकारमा सहभागी हुन महन्थ ठाकुर मुख्य बाधक भएकोले राजपाले उनलाई संयोजकबाट हटाएको आरोप लगाउँछन्। छठपछि सरकारलाई दिएको समर्थन फिर्ता लिने राजपाका नेताहरूका अभिव्यक्तिको विषयलाई लिएर त्रिपाठी भन्छन्('यो बार्गेनिङ्ग होइन, त्यो एउटा कुण्ठा थियो। सरकारमा जान नपाएको कुण्ठाको अभिव्यक्ति थियो। फोरम त त्यो कुण्ठा तोडेर सरकारमा गइसक्यो। जबकि फोरमका उपेन्द्र यादवले संविधान संशोधन होइन पुनर्लेखन नै गर्नुपर्छ भन्ने नारा लिएर अगाडि बढ्नुभएको थियो। अहिले राजपा भित्रका जे(जस्ता विषयहरू बाहिरिरहेका छन् त्यो सबैको मुख्य तर गोप्य लक्ष्य प्रयास सत्ता प्राप्ति नै हो।'

आगामी वैशाख ७, ८ र ९ गते महाधिवेशनको मिति तोकेर तयारीमा जुटेको राजपामा संयोजक परिवर्तनसँगै तोकिएको समयमा महाधिवेशन नहुने हो कि भन्ने आशंका बढ्दै गएको छ। राजेन्द्र महतोको राजनीतिक पृष्ठभूमि हेर्दा सत्ता स्वार्थ हाबी देखिएकोले पार्टी महतोको चंगुलमा फस्ने पो हो कि भन्ने त्रास पनि पार्टी भित्रका दोस्रो तहका नेताहरूमा बढ्दै गएको छ।

संविधान संशोधन हुनुपर्ने मुख्य मागसँगै रेशम चौधरीको रिहाई तथा सपथग्रहण, झुठा मुद्दा लागेका राजबन्दीहरूको रिहाई तथा मुद्दा फिर्ता, मधेश आन्दोलनका घाईतेहरूको उपचार खर्च र मृतकको परिवारलाई क्षतिपूर्ति, शहीद घोषणा हुन बाँकीहरूलाई शहिद घोषणा गर्नुपर्ने जस्ता मागहरू सम्बोधन हुनुपर्ने भन्दै सरकार बाहिर रहेको राजपा नेपालका अध्यक्षमण्डलका केही सदस्यहरू यस्ता मुद्दाहरूलाई बेवास्ता गर्दै सत्तामा जान हतारिनु गलत भएको पार्टी भित्रकै दोस्रो तहका नेताहरूको आरोप छ।

अर्कोतिर संविधान संशोधनको मुद्दा भजाएर केपी ओली नेतृत्वको सरकारमा सहभागी संघीय समाजवादी फोरम नेपालले मधेशी दलसँग एकताका लागि प्रयास थालेको छ। पार्टीको हालै काठमाडौंमा बसेको केन्द्रीय समितिको बैठकले राजपा नेपालसहित मधेशमा रहेका अन्य दलहरूसँग एकताका लागि वार्ता समिति बनाएको छ। राजपा नेपाल र फोरम नेपालबीच एकीकरणका लागि पहिलादेखि नै छलफल हुँदै आएको हो। राजपा नेपालका अध्यक्षमण्डलका सदस्य महन्थ ठाकुर र फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवबीच यसअघि पनि एकीकरणका लागि छलफल भएको हो। दुई दलबीच एकीकरणका लागि दोस्रो तहका नेताहरूबीच पनि पटक(पटक छलफल भइसकेको छ। तर, राजपा नेपालभित्र आन्तरिक विवाद शुरू भएपछि वार्ता र छलफल हाललाई स्थगित रहेको छ। सत्ताका लागि मात्र एकीकरण गर्ने हो भने यस्तो एकीकरणको कुनै अर्थ र भविष्य रहँदैन।

मधेशी जनताले मधेशी नेतृत्वको कमजोरी र कार्यशैलीबारे राम्ररी बुझेका छन्। जब जब नेतृत्व कमजोर हुन्छ तब तब उनीहरू एकताको कार्ड फाल्ने गर्छन्। त्यसैले हास्यास्पद, नाटक मञ्चन गरेर मधेशलाई बदनाम गराउने र मधेशी शक्तिहरूको रगतको अपमान गर्ने कार्य कम्तीमा एकताको नाममा गरिनु हुन्न।

मधेशको मुद्दा देशकै मुद्दा भईसकेको अवस्थामा अब राजपा वा फोरमले मात्र यो मुद्दा सम्बोधन गर्नुपर्छ भन्ने अवस्था छैन। सत्तासीन दल हुन् वा प्रतिपक्ष दल, जसले मधेशी जनताको भावना अनुरूप संविधान संशोधन लगायतका मुद्दाहरू सम्बोधन गर्न सक्छ आगामी निर्वाचनमा मधेशको मत त्यतातिर मोडिने निश्चित छ। मधेशलाई सँगै लिएर नगइकन समग्रतामा नेपाल समृद्धिको यात्रामा अगाडि बढ्न सक्दैन भन्ने निष्कर्षमा अब सबै राजनीतिक दलहरूले सोच्नुपर्ने अवस्था आइसकेको छ। (मधेश दर्पण)

# फ्लू विरुद्ध नयाँ औषधिको विकासः चिकित्सा विज्ञानमा नयाँ फड्को

**डा. शेरबहादुर पुन**

२४ अक्टोबर २०१८ मा अमेरिकाको एफडिएले नयाँ फ्लूविरुद्ध औषधि प्रयोग गर्न स्वीकृति प्रदान गरेको छ। आठ महिना अगाडि जापानले सोही औषधि फ्लूविरुद्ध प्रयोग गर्न अनुमति प्रदान गरेको थियो। यसलाई जोफ्लूजा ९हयागिशब० नामकरण गरिएको छ। फ्लूको उपचारमा हाल प्रयोग भइरहेको एन्टी भाइरल औषधि ९यकभतिकष्खष्च० विकास भएको लगभग २० वर्ष पछि अत्यन्तै प्रभावकारी औषधिको विकास भएको छ। औषधि विज्ञानमा थप नयाँ आयाम तथा आशा जगाएको यो औषधी जापानी अनुसन्धानकर्ताले पत्ता लगाई अमेरिकी कम्पनीले उत्पादन र वितरणको जिम्मा लिएको हो। फ्लूका कारणले उत्पन्न हुनसक्ने स्वास्थ्य जटिलटा आउनै नदिनका लागि विकास गरिएको नयाँ एन्टी भाइरल औषधि जोफ्लूजा हो। यो विशेष खालको फ्लूको लक्षणहरु देखिएको ४८ घण्टाभित्र प्रदान गर्दा अत्यन्तै प्रभावकारी देखिएको छ। फ्लूका लक्षणमा पनि अति शीघ्र सुधार भएको ९एक दिनमा नै० अनुसन्धानले देखाएको छ। यसले भाइरसको उत्पादन गर्ने क्षमता नै ह्रास ल्याइदिन्छ। हाल प्रयोग भैरहेको औषधि (oselramivir) ले भने प्रसारण गर्ने क्षमतामा ह्रास ल्याइ भाइरस कम गर्न मद्दत गर्दछ। यसको सबैभन्दा राम्रो पक्ष जोफ्लूजाको ट्याब्लेट एकपटक एक मात्र लिए पुग्छ। हाल प्रयोगमा ल्याइरहको एन्टी भाइरल औषधी भने दिनको दुईपटक पाँच दिनसम्म लिनु पर्छ। यकभतिकष्खष्च भन्दा हयागिशब ले भाइरसको संख्यामा द्रुत गतिमा कमी ल्याइ भाइरसबाहिर निकाल्ने सम्भावनालाई धेरै हदसम्म कमी ल्याउने गर्दछ। अर्थात संक्रमित व्यक्तिबाट अरु स्वस्थ व्यक्तिमा फ्लू भाइरस सार्ने सम्भावना अत्याधिक कम हुनेछ।

यसको नकारात्मक असर सामान्य मात्र देखिएको छ। पखाला लाग्ने, ब्रोङ्काइटिस् हुने, वाकवाक लाग्ने, टाउको दुख्ने गरेको देखिएको छ। तर, यी सबै सामान्य स्तरमा देखिएका छन हाल यो औषधि गर्भवती तथा स्तनपान गराइरहेका महिलामा हुने असर को विषयमा अनुसन्धान हुन बाँकी छ। यस्तै, ग्यास्ट्रिकको झोल औषधि ९एन्टासिड० र विभिन्न मिनरल सप्लिमेन्ट्रि सँगै भने दिनु हुँदैन। यो औषधि चलाउदा फ्लूको प्रजाति एचथ्रीएनटु ९हङकङ फ्लू० भएकोले अरु प्रजाति जस्तै एचवानएनवान ९स्वाइन फ्लू० र अरु प्रजातिमा कस्तो प्रभाव पर्छ भनेर हेर्न अरु क्लिनिकल अनुसन्धान गरी प्रमाणित गर्न भने बाँकी नै देखिन्छ।

सेन्टर फर डिसिज कन्ट्रोल एण्ड प्रिभेन्सन अमेरिकाको तथ्यांकअनुसार गत वर्ष २०१७( २०१८ को सिजनमा मात्र अमेरिकाभरमा झन्डै ४ करोड ९० लाख फ्लूबाट संक्रमित भएकोमा ९ लाख ६० हजार अस्पताल भर्ना भएको र सो मध्ये ७९ हजार फ्लूको कारणले उत्पन्न स्वास्थ्य जटिलताको कारणले मृत्यु भएको अनुमान गरिएको छ। यसले अस्पताल भर्ना भएका संक्रमितमा मृत्युदर झन्डै ८५ को हाराहारीमा भएको देखिन्छ। संक्रमण मात्र भएकामा झन्डै ०।२ ५ देखिन्छ। नेपालमा यस विषयमा राम्रो अनुसन्धान भएको पाइदैन। पंक्तिकार ले वर्षेनी सयौंको संख्यामा फ्लू संक्रमितको उपचार तथा परामर्श दिँदै आइरहेको छ। बेलाबखतमा फ्लूको महामारीको कारणले नेपालीले मृत्युवरण गर्नु परेको तितो यथार्तता हामीसामू छ।

कुपोषण, वहुसंक्रमण, बेलामै सहि पहिचान गर्न नसक्नु, उपचार तथा परामर्शको कमीले गर्दा फ्लूबाट हुने मृत्युदर डर लाग्दो हुन सक्दछ। केहि दिन अघि राजधानीको एउटा विद्यालयमा एकै पटकमा फ्लूको लक्षणले दुई सय जना बिरामी भएका र बिहेमा जन्त जादा हभागी लगभग सबैलाई त्यस्तै लक्षणहरु देखिएको थियो। यस्तै राजधानीका दुई ठुला अस्पतालमा स्वाइन फ्लू अर्थात एचवानएनवान पीडीएम २००९ फ्लूको कारणले आइसियूमा भर्ना हुनुपरेको ९जसमा एकजना एयर एम्बुलेन्स मार्फत भारतमा उपचार गर्न गएको० अवस्थाले २०७५ सालको हिउँदे सिजनको फ्लू नेपाल आइसकेको र सजक हुनु पर्ने बेला भैसकेको देखिन्छ। विकसित देशमा फ्लूविरुद्ध खोप लगाउने चलन हुँदाहुँदै पनि ठूलो संख्यामा फ्लू संक्रमितको मृत्यु भइरहेको छ। त्यसलै नेपाल जस्तो गरिब देशमा डरलाग्दो स्थिति हुन सक्छ। तसर्थ हाल विकसित गरिएको जोफ्लूजा औषधि हाम्रो जस्तो देशमा पनि सर्वशुलभ हुनसके र समयमा नै फ्लूको पहिचान गरी प्रयोग गरिएमा बरदान साबित हुन सक्नेमा दुईमत छैन।

# छालाको रोगमा खानाको महत्व

**डा कमलराज धिताल**

'डाक्टर साब, मैले के खान हुन्छ के खान हुँदैन सबै भनिदिनुस् न ।

बिरामीसँगको भेटमा एउटा चिकित्सकले अत्यधिक सुन्ने वाक्यांश यस्तै हुन्छन्।

पछिल्लो समय छाला सम्बन्धी बिमारीमा मानिसको सचेतना बढेसँगै खाना र रोगको सम्बन्ध जान्न पनि उतिकै उत्सुक छन कुनैकुनै रोगमा यो चाहिँ खाना नखानुस् भनेर सजिलोसँग भन्न सकिए पनि धेरैजसो अवस्थामा यो नखानुस् या खानुस् भन्न चिकित्सकलाई पनि सजिलो छैन।

दृश्य १

करिब २५ अलिक दुब्लो एक व्यक्ति ओपिडीमा आउछन् छालाको एलजीको समस्याले। गाउँघरमा छालाको एलजीमा मासु खान हुन्न भनेको भरमा उनले मासु लगायत आलु, दाल, भेन्टाहरू नखाएको करिब तीन वर्ष भएछ। पहिलो नजरमा नै भन्न सकिन्छ कि उनी छालाको एलजीले भन्दा पनि पौष्टिक आहारको कमीले पीडित छन।

दृश्य २

करिब पाँच वर्षको बच्चालाई जिउमा केही डाबर आएको छ। चार-पाँच दिनदेखि आफन्तको सल्लाहमा कुनै घरेलु औषधिलाई उमालेर त्यसको झोल ख्वाइन्छ। परिणाम बच्चालाई जिउभरि झन धेरै एलजी आउँछ र अस्पतालमा भर्ना हुनुपर्दछ। यी त केवल प्रतिनिधि उदाहरण मात्र हुन यस्ता घटना हाम्रो दैनिक चिकित्सकीय अभ्यासमा धेरै देखिन्छ। प्रस्तुत लेखमा छालाको विभिन्न रोगहरूमा हामीले खाने खानासँगको सम्बन्ध देखाउने कोसिस गरिएको छ।

छालाको एलर्जी सिउडोएलर्जिन फ्री डाइट - सिउडोएलर्जिनको प्रयोग खानाको स्वच्छता कायम राख्नका लागि अथवा खानालाई रंगीन बनाउन प्रयोग हुन्छ। जो तयारी अथवा लामो समयसम्म भण्डारण गर्नुपर्ने खानामा हुन्छ। त्यस्ता खानाहरूको कमभन्दा कम प्रयोगले एलर्जीका बिरामीलाई फाइदा भएको अध्ययनले देखाएको छ। अर्थात, घरमा आफैले पकाएको स्वच्छ र ताजा खानाको नियमित प्रयोग। अरोमेटिक कम्पाउन्ड्स - यस्ता रसायनयुक्त खानेकुरा दूध, अन्डा, चीज, मक्खन, पाउरोटी, पास्ता, मह, गोलभेँडा, पालुंगो, मकै जस्ता खाने कुरामा पाइन्छ। तर यी खानेकुरा सबै छोड्नुस् भन्ने लेखकको आसय होइन।

**डन्डीफोर**

गुलियो खाद्य पदार्थ - विभिन्न अध्ययनले देखएका ग्लुकोज तथा इन्सुलिनको मात्रा तुरुन्त बढाउने खानेकुराको सेवनले डन्डीफोर निकाल्न वा बढाउन मद्दत गर्दछ। जस्तैः ग्लुकोज, आलु, सेतो चामल, सेतो पाउरोटी, फ्रेन्च फ्राई, दुनोट, केरा, अंगुरले डन्डीफोर बढाउने देखिएको छ। त्यसकारण डन्डीफोरको समस्या आएकाहरूले यी खानेकुरा खाँदा सावधानी अपनाउन जरुरी हुन्छ।

दूध - दूधको अधिक सेवनले डनडीफोर बढाउने अध्ययनहरूले देखाएका छन्। सोरायासिस - यसलाई नेपालीमा कत्लेरोग पनि भनिन्छ। छालाका विभिन्न दीर्घरोग मध्ये यो पनि एक हो। रोगको अवस्थालाई कम गर्न सकिए पनि यो रोग पूर्ण रूपमा नफर्किने गरी निको गर्न सकिँदैन। अध्ययन अनुसार यो रोगमा खानामा विशेष ध्यान दिनुपर्ने हुन्छ। खानामा चिल्लो पदार्थ एकदम कम हुनुपर्छ। धूमपान तथा मध्यपानले यो रोग बढाउँछ। खानामा विशेषगरी पौष्टिक आहार बढाउने भिटामिन डी तथा अन्य एन्टी-अक्सिडेन्टहरू जस्तैः भिटामिन ए, सी, ई तथा सेलेनियमको मात्रा बढाउनुपर्छ। फोलिक एसिड नामक भिटामिन सोरायासिसका बिरामीमा उपयोगी देखिएको छ। साथै मेथोट्रेकसेट नामक औषधि प्रयोग गर्दा फोलिक एसिडको नियमित प्रयोग गरिन्छ। छालाका क्यान्सरहरू - एन्टी-अक्सिडेन्ट भिटामिनहरू जस्तैः भिटामिन ए, सी, ई तथा सेलेनियमको कमी, भिटामिन डीको कमी, खानामा अधिक चिल्लो पदार्थहरूसँग छालाको क्यान्सरको सम्बन्ध देखिएको छ।

एटोपिक डर्माटाइटिस - नवजात शिशुलाई ६ महिनासम्म केवल आमाको दूध मात्र खुवाउने हो भने एटोपिक डर्माटाइटिस लगायत छालाको विभिन्न रोगबाट बचाउन सकिन्छ।

दुध र अन्डा - हुन त दूध र अन्डाले एटोपिक डर्माटाइटिसको समस्यालाई बल्झाउने कुरा जनमानसमा व्याप्त। केही हदसम्म यो साँचो पनि हो। तर जबसम्म दूध र अन्डाको एलर्जी बिरामीलाई छ भनेर प्रमाणित हुँदैन तबसम्म यी परिकार नछोड्ने सल्लाह दिइन्छ। किनभने पौष्टिक आहारको अभावमा बिरामीलाई अरू समस्या देखिने सम्भावना हुन्छ। एलर्जी छ कि छैन भनेर प्रमाणित गर्नका लागि विभिन्न माध्यम जस्तैः दूध र अन्डाको सेवन गर्दा एलर्जी बढ्ने, स्किन प्रिक टेस्ट तथा रगतमा आइजिईको मात्रा हेर्न सकिन्छ।

प्रोबायोटिक्स तथा प्रिबायोटिक्स - प्रोबायोटिक्सहरू जिउँदा किटाणुहरू हुन्, जसको सेवनले शरीरमा फाइदा हुन्छ। प्रिबायोटिक्सहरू त्यस्ता खाद्यपदार्थ हुन्, जसले आन्द्रामा फाइदाजनक किटाणुको मात्रा बढाउँछ। यिनीहरूको सेवनले आन्द्रामा भएका किटाणुहरूको संवेदनशीलतालाई परिवर्तन गर्नुका साथै आन्द्राका सुजनलाई कम गरी एटोपिक डर्माटाइटिसमा सहयोग गर्छ।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):** पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो):** आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह):** स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):** पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे):** मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो):** मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते):** प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू):** आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे):** शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी):** समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द):** नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):** मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

## माटो तथा मल परिक्षण प्रयोगशाला उद्घाटन




बढाउन प्रदेश सरकार प्रयत्नशिल रहेको बताए ।

सप्तरीमा प्रदेशस्तरीय कार्यालय स्थापना गरिए पनि यो सेवालाई प्रदेशका आठ ओटै जिल्लामा पुर्याईने जानकारी दिँदै मन्त्री साहले भने 'माटो तथा मल परीक्षण कार्यक्रम जिल्ला-जिल्ला मात्र नभई अब गाउँपालिका तथा वडाहरुसम्म सेवा पुर्याउने छौं ।' गाउँगाउँमा सिंहदरबार भन्ने नारालाई सार्थक पार्न अब गाउँगाउँका किसान एवम् सर्वसाधारणले अनुभूति गर्ने गरी सेवा दिन लागेको उनले बताए ।

हालसम्म किसानले परम्परागत खेती गर्दै आएकोले अबदेखि माटोको परीक्षण गरी सोही अनुसारको बाली लगाउने तथा मलको अवस्था समेत जाँच गरी खेतीलाई उन्नत एवम् व्यवसायीकरण गर्ने उद्देश्यका साथ आफुहरु अगाडि बढेको मन्त्री साहले जानकारी दिए । प्रदेश २ लाई कृषिमा आत्मनिर्भर बनाउँदै बाहिर निर्यात गर्ने संकल्पका साथ प्रदेश सरकारले काम थालेको बताए ।

प्रयोगशाला स्थापनाले कृषकहरुको जग्गा जमिनको माटो परिक्षण, माटो अनुसार मलको प्रयोग, मौषम अनुकुल खेती गर्ने विधि लगायतका ज्ञान प्राप्त हुने कार्यालयका निमित्त प्रमुख सुनिलकुमार सिंहले बताए । हाल घुम्ती सेवाबाट ३० देखि ४० ओटासम्म माटो परीक्षण गर्न सकिने माटो परिक्षण घुम्ती प्रयोगशालासहितको बस समेत सञ्चालनमा ल्याईएका उनले बताए ।

कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका प्रदेश मुख्य सचिव शम्भु झाले प्रदेशस्तरीय माटो तथा मल परीक्षण कार्यालय सप्तरीमा सञ्चालन हुनु सराहनीय रहेको भन्दै मन्त्री साह सहित प्रदेश सरकारलाई धन्यवाद दिए । नेपाली कांग्रेस सप्तरीका सभापति दिनेश यादवले किसानहरुले मलखाद्, बीऊबिजन, सिंचाई लगायतका समस्या झेल्दैआएकोले अविलम्ब समाधान गर्न मन्त्री साहको ध्यानाकर्षण गराए ।

सप्तकोशी नगरपालिका मेयर उत्तम गौतमले प्रदेश २ लाई भारतको पञ्जाब-हरियाना जस्तै कृषिको उर्वर थलो बनाएर रोजगारीको अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए । रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले कृषिलाई आधुनिक एवम् प्रविधियुक्त बनाउँदै सेवा सुविधालाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए ।

जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सांसदहरु गीता कुमारी यादव, प्रमिला यादव, संघीय समाजवादी फोरम नेपालका जिल्ला अध्यक्ष दिनेश कुमार यादव, राष्ट्रिय जनता पार्टी अध्यक्ष मण्डलका निवर्तमान संयोजक सुनिल कुमार झा, नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष श्यामसुन्दर यादव, नेपाल निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष अजयकुमार झा लगायतले शुभकामना मन्तव्य व्यक्त गरे । कार्यक्रममा धन्यवाद ज्ञापन राजविराज नगरपालिकाका मेयर शम्भु प्रसाद यादव तथा सञ्चालन जिल्ला समन्वय समितिका नायव सुब्बा कमलेश्वर विराजीले गरे ।

## मुस्लिम समदायद्वारा दाइजो विरुद्ध १० दिने अभियान




राजविराज / दाईजो प्रथालाई अन्त्य गर्न सप्तरीमा मुस्लिम समुदायले १० दिने अभियान संचालन गरेका छन् ।

ईस्लामी संघ नेपाल सप्तरीको संयोजनमा दाईजो प्रथाको अन्त्य गरौं, छोरीलाई दाईजो होइन, पैतृक शिक्षा अंश दियौ, हिंसा रहित समाज निर्माण गरौं, लगायतका नारा लेखिएको प्लेकार्ड बोकेर स्थानिय शिव मन्दिरको प्राङ्गनबाट निस्केको ऱ्यालीले नगर क्षेत्र परिक्रमा गरी कोण सभा गरेको थियो ।

इस्लामी संघ नेपाल सप्तरीका अध्यक्ष मो. कलिमुज्जमा खाँले सर्वसाधारणमा दाइजो विरुद्ध चेतना विस्तार गर्ने लक्ष्य सहित १० दिने अभियान थालिएको जानकारी दिए ।

समाजमा दाईजो लिने र दिने प्रवृतिलाई निरुत्साहित गर्ने मुख्य उदेश्यका साथ सुरु गरिएको अभियान जिल्लाका सवै १८ वटै स्थानिय तहमा पुर्याउने उनले बताए । संघीय समाजवादी फोरम नेपालका नेता मो. युसुफ अलीका अनुसार दाईजो प्रथाले छोरीको पढाई र कतिपयको जिवन नै बर्वाद गर्न थालेपछि यसलाई निरुत्साहित गर्न थालिएको १० दिने अभियानले मदत पुग्ने विश्वास गरिएको छ ।






## पत्रकार महासंघ सप्तरीको साधारणसभा माघ २६ गते हुने

सप्तरी / नेपाल पत्रकार महासंघ शाखा सप्तरीको वार्षिक साधारणसभा आगामी माघ २६ गते गर्ने निर्णय गरेको छ ।

महासंघको राजविराज स्थित कार्यालयमा सम्पन्न कार्यसमितिको बैठकले महासंघको साधारण सभासहित अन्य महत्वपूर्ण निर्णय गरेको हो । महासंघ शाखा सप्तरीद्वारा हरेक वर्ष प्रदान गर्दै आएको लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कारका लागि वरिष्ठ पत्रकार अनिल कुमार अनल(कोषका संस्थापक सदस्य)को संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको महासंघका सह-सचिव चन्दन यादवले जानकारी दिएका छन् । समितिको सदस्यमा महासंघका सल्लाहकार श्रवणकुमार देव र महासंघ कार्यसमितिको तर्फबाट उपाध्यक्ष सुधा देवरहेका छन् ।

पुरस्कारका लागि सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारीता गर्दैआएका ईच्छुक पत्रकारहरुलाई आवेदनका दिन (आगामी पुस २२ गतेसम्मभित्र) स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्ने, साथै स्व. पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति दिवस आगामी पुस २६ गते भव्यताका साथ मनाईने निर्णय भएको उनले जानकारी दिए । सप्तरी जिल्लामा प्रेस दुरुपयोग भईरहेको भन्दै कार्यसमितिको बैठकले गम्भीरतापूर्वक लिँदै पत्रकार तथा सञ्चार गृहहरुले प्रेस प्रयोजनमा प्रयोग गर्दैआएको सवारी साधनको रेकर्ड महासंघ कार्यालयमा समेत राख्ने, अनाधिकृत रुपमा प्रेसको दुरुपयोग गरेको पाईएकोमा महासंघले गम्भीरता लिँदै अगाडि बढ्ने निर्णय गरेको छ ।बैठकले पत्रकार तथा सञ्चार गृहलाई सवारी साधनको विवरण उपलब्ध गराएर महासंघलाई सहयोगकोलागि आग्रह गर्ने निर्णय गरेको छ । यस्तै कुनै पनि सञ्चारमाध्यममा सम्वाददाताको रुपमा काम गर्न न्यूनतम् योग्यता एवम् मापदण्ड पुरा गरेका व्यक्तिलाई मात्र काममा खटाउन राष्ट्रिय तथा स्थानीय सञ्चार ाध्यमहरुसँग आग्रह गरिएको महासंघका सह-सचिव यादवले बताए ।





## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरु:**

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**विशेषज्ञ डाक्टर**

- डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



## बेलका नगरपालिकाको अनुरोध

- नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
- व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौ ।
- घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- नगरपालिकालाई वुफाउनु पर्ने सवै किसिमका करहरू समयमै वुफाई नगरको विकासमा सहयोग पुयाऔं ।
- आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरू**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाईं हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।






## Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

